नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या :- स्था.त.स.शा./अन्य/फा.सं.-१/०७६/७७

च.नं. : २४०

मिति : २०७६/०९/२४

श्री स्थानीय तहहरु, (सवै)

सुदुरपश्चिम प्रदेश ।

विषयः अन्तरक्रिया कार्यक्रममा सहभागिता सम्बन्धमा ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको प.स. ०७६/७७ च.नं. १७३/९६१ मिति २०७६/०९/२३ को पत्रबाट सुदुरपश्चिम प्रदेश भित्रका सवै स्थानीय तहका प्रमुखहरुसँग एक दिने अन्तरक्रिया कार्यक्रमका लागि पत्राचार गरिदिने सम्बन्धको प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा संलग्न पत्रबाट अवगत गर्नुभई कार्यक्रममा सहभागिताको लागि आदेशानुसार अनुरोध छ ।

(डिलाराम पन्थी)

उप-सचिव

बोधार्थ :

श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सिंहदरवार, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखा; Website मा upload गरिदिनुहुन ।

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(योजना अनुगमन तथा मूल्यांकन महाशाखा)

अनुगमन तथा मुल्याङ्कन शाखा

सिंहदरबार, काठमाडौं

पत्र संख्याः २०७६/७७
च.नं. १७३ | ६६१

मितिः २०७६/०९/२३

विषयः अन्तरक्रिया कार्यक्रममा सहभागिताको लागि पत्राचार गरिदिने सम्बन्धमा।

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ५११
मितिः- 076/09/22

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सङ्घीय मामिला महाशाखा,
सिहंदरबार, काठमाण्डौं ।

यस मन्त्रालयबाट भूमि व्यवस्था र सहकारी क्षेत्रमा अबलम्बन गरिएका नविन रणनीति तथा हालै जारी गरिएका नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि, मार्गदर्शनको कार्यान्वयनलाई प्रभावकारी तुल्याउने लगायतका विषयमा सुदुरपश्चिम प्रदेश भित्रका स्थानीय तहका प्रमुखहरु समेत सँगको एक दिने अन्तरक्रिया कार्यक्रम देहायको मिति, समय र स्थानमा संचालन हुने भएकाले तहाँ मन्त्रालयबाट सुदुरपश्चिम प्रदेश भित्रका सबै स्थानीय तहका प्रमुखज्यूहरु र प्रमुख प्रशासकीय अधिकृतहरुको सहभागिताका लागि पत्राचार गरिदिनुहुन अनुरोध छ। साथै सहभागीहरुको आतेजाते तथा होटलबास खर्च सम्बन्धित स्थानीय तहबाट नै व्यहोर्नु पर्ने व्यहोरा समेत जानकारी गराइदिनु हुन आदेशानुसार अनुरोध छ ।

देहाय
मितिः २०७६/१०/०५
समयः विहान ८.०० बजे देखि
स्थानः द होटल डिभोटी, धनगढी ।

(जनकराज जोशी)
सहसचिव

फोन ४२११८४३, ४२११७९७